प्रदेश मन्त्रिपरिषद बैठक संख्या ५६/२०७६ को निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं.१/३९/१७३-२०७६/०४/२८ को "सुर्नया गाउँपालिकाको वडा सिमाना हेरफर सम्बन्धी" प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"सुर्नया गाउँपालिका वडा नम्बर ७ मा रहेको (साविक शिखरपुर गाउँ विकास समिति वडा नं. ७) कठमडा टोललाई वडा नं.८ मा समावेश गरी वडा सिमाना हेरफर गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्ताव नं. १/४०/१७४-२०७६/०४/२८ को "मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधामा हेरफेर गर्ने" सम्बन्धी प्रस्ताव मा देहाय बमोजिम गर्नेः-

"मन्त्रिपरिषद्को राजनितिक समितिमा पठाई समितिको निर्णय अनुसार गर्ने।"

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्ताव नं. १/४१/१७५-२०७६/०४/२८ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधामा हेरफेर गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"मन्त्रिपरिषद्को राजनितिक समितिमा पठाई समितिको निर्णय अनुसार गर्ने ।"

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्ताव नं. १/४२/१७९-२०७६/०४/२८ को "महाकाली नगरपालिकाको नाम परिवर्तन गरी दोधारा-चाँदनी नगरपालिका कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

५. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्ताव नं. २/२८/१७६-२०७६/४/२९ को "प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधामा हेरफेर गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"मन्त्रिपरिषद्को राजनितिक समितिमा पठाई समितिको निर्णय अनुसार गर्ने ।"

६. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्ताव नं. २/२७/१७२-२०७६/४/२८ को "प्रदेश रेडियो, एफ.एम र टेलिभिजन सञ्चालन र व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृति" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

७. "मन्त्रिपरिषद् राजनितिक समितिबाट "सेती अञ्चल अस्पताल" लाई "सेती प्रादेशिक अस्पताल" र "महाकाली अञ्चल अस्पताल"लाई "महाकाली अस्पताल" नामाकरण गर्ने गरी प्रस्तुत भएको प्रतिवेदन स्वीकृत गर्ने ।"

८. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/२८/१७१-२०७६/४/१९ गतेको "अस्पताल व्यवस्थापन समितिको अध्यक्ष मनोनयन गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"(क) धनगढी उप-महानगरपालिका वडा नं.२, कैलाली निवासी श्री दुर्गाप्रसाद जोशीलाई सेती प्रादेशिक अस्पतालको व्यवस्थापन समितिको अध्यक्ष पदमा मनोनयन गर्ने ।

(ख) भिमदत्त नगरपालिका वडा नं. ५, कञ्चनपुर निवासी श्री कृष्णदत्त जोशीलाई महाकाली अस्पताल व्यवस्थापन समितिको अध्यक्ष पदमा मनोनयन गर्ने ।"

९. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/१८/१७७-२०७६/४/२८ को "साझेदारी फर्म रजिष्ट्रेशन गर्ने सम्बन्धी विधेकयकको मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृती" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

१०. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/१९/१७८-२०७६/४/२८ को "प्राइभेट फर्म रजिष्ट्रेशन सम्बन्धी विधेकयकको मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृती" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

११. आसन्न जनैपुर्णिमा/रक्षा बन्धन पर्व परेको दिन २०७६/४/३० गते यस प्रदेशमा सार्वजनिक विदा दिने ।

१२. प्रदेश सभाको चालु चौथो अधिवेशन २०७६/५/१ गते आइतबार रात्री १२ बजे उप्रान्त अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम अनुरोध गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश